हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
शाखा/उपशाखा/इकाई :-प्रशासन
चलानी नं. :- ६६३५

मिति : २०७७।०१।३१

**विषय : विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

**श्री सवै वडा कार्यालयहरु**
**हेटौंडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) सिंहदरबार काठमाडौंको च· नं· ४१० मिति २०७७/०१/२६ को पत्रानुसार भूमि सम्बन्धी समस्या समाधान आयोगको भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण गर्ने सम्वन्धि स्थानीय तहलाई भएको अनुरोध पत्र र विवरण संकलन फारम संलग्न राखी विवरण माग भएको हुँदा तपसिलको ढाँचामा त्यस वडा भित्रका भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण यथाशीघ्र यस उपमहानगरपालिकामा उपलब्ध गराइ दिनु हुन आदेशानुसार अनुरोध छ ।

**तपसिल**

| जम्मा परिवार | भूमिहीन दलित परिवार | भूमिहीन सुकुम्बासी परिवार | अव्यवस्थित बसोवास परिवार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

०१८

२०७७।१।३१

रामकृष्ण थापा
अधिकृतस्तर सातौं

**'भूमिहिन सुकुम्बासी'** भन्नाले नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारको सदस्य समेतलाई जनाउनेछ ।
**'अव्यवस्थित बसोबास'** भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोवास गरेका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारको सदस्य समेतलाई जनाउनेछ ।
**(उपलब्ध भएसम्म वास्तविक र नभए अनुमानित विवरण पठाइदिनु हुन)**